नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय

# व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र,
## कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०६७

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, कर्मचारी सेवा शर्त र सुविधा नियमावलीलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६३ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिले यो नियमावली बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०६७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०६४ को नियम ९ मा संशोधनः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०६४ को नियम ९ को उपनियमको सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) केन्द्रका पदमा देहाय बमोजिम पूर्ति गरिनेछ :

| तह | पदपूर्ति | | |
|---|---|---|---|
| | खुल्ला प्रतियोगिताद्वारा | कार्य क्षमताको आधारमा हुने बढुवाद्वारा | आन्तरिक प्रतियोगिताद्वारा |
| ४ | १००% | - | - |
| ५ | ६०% | २०% | २०% |
| ६ (प्र.) | ५०% | २५% | २५% |
| ६ (प्रा.) | - | १००% | - |
| ७ (प्र.) | - | १००% | - |
| ७ (प्रा.) | ४०% | ६०% | - |
| ८ (प्र.) | - | १००% | - |
| ८ (प्रा.) | - | १००% | - |
| ९ (प्र.) | - | १००% | - |
| ९ (प्रा.) | - | १००% | - |
| १० | - | १००% | - |

"

# व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
## कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६६

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी नियमावलीलाई संशोधन गर्न वान्छनीय भएकोले,
व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६३ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिले यो नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :
(क) यी नियमहरुको नाम "व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी ( पहिलो संशोधन ) नियमावली, २०६६" रहेको छ ।
(ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०६४ को नियम २ मा संशोधन : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी नियमावली २०६४ ( यस पछि "मूल नियमावली" भनिएको नियम २ को खण्ड (ट) पछि देहायका खण्ड (ठ), (ड), (ढ), (त) र (थ) थपिएका छन् ।

" (ठ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।
(ड) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।
(ण) "पदाधिकारी" भन्नाले समितिको अध्यक्ष तथा सदस्य सम्झनु पर्छ र सो शब्दको कार्यकारी निर्देशकलाई समेत जनाउँनेछ ।
(त) "विशेषज्ञ पद" भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको र विशेष योग्यता चाहिने पद सम्झनु पर्छ ।
(थ) "उप समिति" भन्नाले समिति वा केन्द्रले कुनै विशेष कार्य वा प्रयोजनको लागि गठन गरेको उप समिति सम्झनु पर्छ । "

३. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को उपनियम (१) पछि देहायका उप नियम (२), (३) र (४) थपिएका छन् :-

" (२) खुल्ला र बढुवाको प्रतिशत निर्धारण गर्दा शेष रहन आएको पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।
(३) अधिकृत स्तरको शुरु तह भन्दा माथिल्लो तहको कुनै पदमा विशेष योग्यता र अनुभव भएको व्यक्ति केन्द्र भित्र उपलब्ध हुन नसकेको अवस्थामा त्यस्तो पदमा सञ्चालक समितिको स्वीकृति लिई खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्न सकिनेछ ।
(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरु मध्ये पैंतालिस प्रतिशत पद

22-Sep-11 12:48 pm

छुट्याइ सो प्रतिशतलाई शत प्रतिशत मानी देहायबमोजिमका उम्मेदवार बाँचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | महिला | - तेत्तीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | - सत्ताइस प्रतिशत |
| (ग) | मधेसी | - बाइस प्रतिशत |
| (घ) | दलित | - नौ प्रतिशत |
| (ङ०) | अपांग | - पाँच प्रतिशत |
| (च) | पिछडिएको क्षेत्र | - चार प्रतिशत |

स्पष्टीकरण :

(१) यस उपनियमको प्रयोजनका लागि "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनुपर्छ ।

(२) यस उपनियमको खण्ड (क), (ख), (ग) र (घ) को प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेसी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाती, मधेसी र दलितलाई सम्झनु पर्छ ।"

४. मूल नियमावलीमा नियम १९क थप : मूल नियमावलीको नियम १९ पछि देहायको नियम १९क. थपिएको छ :-

"१९क. करारमा नियुक्ति :

(१) केन्द्रको स्वीकृत कार्यक्रम, परियोजना, अध्ययन, अनुसन्धान र व्यवस्थापकीय तथा प्राविधिक कार्यको सिलसिलामा सम्बन्धित प्राविधिज्ञ, विशेषज्ञ र अन्य दक्ष व्यक्ति वा संस्थाको सेवा आवश्यक परेमा त्यस्तो किसिमको सेवा एक पटकमा बढीमा एक वर्षमा नबढाई समितिले निर्धारण गरि दिएको कार्यविधि अपनाई समितिको स्वीकृति लिई प्राप्त गर्न सकिनेछ ।

(२) कुनै विशेष कार्यक्रम सम्पादन गर्नको लागि थप जनशक्ति आवश्यक परेमा त्यस्तो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति र लागत खर्च सहितको कार्यक्रमको विवरण समितिमा पेश गरी समितिको निर्णय अनुसार त्यस्तो कार्यक्रम सम्पन्न नभएसम्मको लागि समितिको स्वीकृतिमा कर्मचारीहरु नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्त गरिएका कर्मचारीको पारिश्रमिकको व्यवस्था कार्यक्रमको बजेटबाट नै व्यहोर्नु पर्नेछ ।

(३) केन्द्रको स्वीकृत दरबन्दीमा रहेको सहायक स्तरका पदहरु रिक्त रहेको र स्थायी पदपूर्ति भै नसकेको अवस्थामा कार्यालय वा कार्यक्रम सञ्चालन गर्न दरबन्दी भित्रका पदहरुमा आवश्यक पर्ने कर्मचारीहरु करार सेवामा रहने गरी समितिको स्वीकृतीमा बढिमा एक वर्षसम्मको लागि नियुक्ति गर्न सकिनेछ । यसरी रिक्त भएका पद छ महिना भित्र बढुवा तथा खुल्ला प्रतियोगितात्मक परिक्षाबाट पूर्ति गरिनेछ ।

५. मूल नियमावलीको नियम ६१ मा संशोधन : मूल नियमावलीको नियम ६१ को, (१) उपनियम (३) र (४) को सट्टा देहायको उपनियम (३) र (४) राखिएका छन् :-

22-Sep-11 12:48 pm

"(३) केन्द्रको कामको सिलसिलामा समितिका सदस्य र कार्यकारी निर्देशकलाई स्वदेश तथा विदेशमा काजमा खटाउँदा अध्यक्षले खटाउन सक्नेछ ।

(४) केन्द्रको कामको सिलसिलामा कर्मचारीहरुलाई स्वदेश वा विदेशमा कार्यकारी निर्देशकले काज खटाउन सक्ने छ । तर विदेशमा काज खटाउनु पूर्व मन्त्रालयको सहमति लिनु पर्नेछ । "

(२) उपनियम (६) पछि देहायको उपनियम (७) राखिएको छ : -

"(७) नेपाल राज्य भित्र केन्द्रको कामको सिलसिलामा कर्मचारीलाई काज खटाउँदा बढीमा तीन महिनासम्म मात्र काज खटाउन सकिनेछ । तीन महिना भन्दा बढि काजमा खटाएमा काजमा खटाउने पदाधिकारीबाट त्यस्तो बढि अवधिको तलब भत्ता असुल उपर गरिनेछ ।"

६. मूल नियमावलीको नियम ६३ मा संशोधन : मूल नियमावलीको नियम ६३ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(१) उपनियम (१) बमोजिम कायम मुकायम मुकरर गर्दा केन्द्रको कार्यकारी निर्देशक र केन्द्र अन्तर्गतको कार्यालय प्रमुख पदमा मात्र कायम मुकायम मुकरर गर्न सकिनेछ । "

(२) उपनियम (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) उप नियम (१) बमोजिम रिक्त रहेको पदमा उप नियम (२) बमोजिम कायम मुकायम मुकरर गर्दा बढीमा छ महिनासम्मको लागि मात्र कायम मुकायम मुकरर गर्न सकिनेछ । यसरी कायम मुकायम मुकरर गर्दा छ महिना भन्दा बढी समयमा त्यस्तो कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट बढि भुक्तानी गरिएको तलब भत्ता असुल उपर गरिने छ । "

७. मूल नियमावलीको नियम ६९ मा संशोधन : मूल नियमावलीको नियम ६९ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) प्रत्येक आर्थिक वर्षको शुरुमा नै वार्षिक तलबी प्रतिवेदन प्रशासन शाखा मार्फत कार्यकारी निर्देशकले समितिबाट पारित गराउनु पर्नेछ । "

८. मूल नियमावलीको नियम ८० मा संशोधन : मूल नियमावलीको नियम ८० को सट्टा देहायको नियम ८० राखिएको छ :-

"८०. तहबिहीन कर्मचारीहरुको लुगाको व्यवस्था :

22-Sep-11 12:49 pm

(१) केन्द्रमा कार्यरत तहविहीन स्थायी कर्मचारीलाई प्रतिवर्ष दुईजोर तयारी लुगा र एक एक जोर जुत्ता तथा मोजा दिइनेछ । जाडोको लागि प्रत्येक वर्ष एउटा स्वीटर वा ज्याकेट उपलब्ध गराइनेछ ।

(२) उपनियम (१) बमोजिम लुगा पाउने कर्मचारीले कार्यालयमा आउँदा त्यस्तो लुगा अनिवार्यरूपमा लगाउनु पर्नेछ । अन्यथा अर्को वर्ष प्रदान गरिने छैन ।

(३) केन्द्रमा कार्यरत तहविहीन कर्मचारीहरूलाई आवश्यकतानुसार वर्षको एकपटक एकजोर रेनकोट वा छाता र वाटरप्रुफ झोला प्रदान गरिनेछ ।"

मूल नियमावलीको नियम ११० मा संशोधन : मूल नियमावलीको नियम ११० को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) समितिको अध्यक्ष समक्ष दर्ता हुन आएको पुनरावेदनको टुङ्गो लगाउन अध्यक्ष आफै वा निजले तोकेको सदस्यको अध्यक्षतामा तीन सदस्यीय एक पुनरावेदन समिति गठन गर्नेछ । सोही समितिले पुनरावेदन उपरको निर्णय गर्नेछ । समितिले गरेको निर्णय अन्तिम हुनेछ ।"

मूल नियमावलीमा नियम ११७क. थप : मूल नियमावलीको नियम ११७ पछि देहायको नियम ११७क. थपिएको छ ।

"११७क. यसै नियमावली बमोजिम हुने : यस नियमावलीमा उल्लेख भएका कुरामा यसै नियमावली बमोजिम र अन्य कुरामा समितिको निर्णय बमोजिम हुनेछ ।"

मूल नियमावलीको अनुसूची १ मा संशोधन : मूल नियमावलीको अनुसूची १ को,

(१) खण्ड (६) को सट्टा देहायको खण्ड (६) राखिएको छ :

"(६) सातौं तह - वरिष्ठ अधिकृत"

(२) खण्ड (७) को सट्टा देहायको खण्ड (७) राखिएको छ :

"(७) आठौं तह - उप निर्देशक"

22-Sep-11 12:49 pm